# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्ड:५ सङ्ख्या: १ मितिः २०७८/०६/०४

## भाग-३

## हेटौंडा उपमहानगरपालिका एच. आई. भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड, २०७८

**<u>प्रस्तावनाः</u>**

यस उपमहानगरपालिका क्षेत्र भित्र रहेका एच.आई.भी. संक्रमितहरुको पोषण एवं शैक्षिक सहयोग र उपचार खर्च उपलब्ध गराई एच. आई. भी. संक्रमितहरुको मानव अधिकार र स्वास्थ्य अधिकारको सुनिश्चतता गर्दै शैक्षिक निरन्तरताका लागि अभिभावकत्व प्रदान गर्न र संक्रमित व्यक्तिको उपचारमा सहयोग गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाले यो मापदण्ड बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस मापदण्डको नाम “हेटौंडा उपमहानगरपालिका एच. आई. भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड, २०७८” रहेको छ ।

(२) यो मापदण्ड राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ।

(घ) "मापदण्ड" भन्नाले हेटौंडा उपमहानगरपालिका एच.आई.भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड, २०७८ सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले दफा ८(१) बमोजिम गठित समन्वय समिति सम्झनु पर्दछ।

३. **कार्यविधिको उद्देश्यः**

(१) उपमहानगरपालिका क्षेत्र भित्रका एच. आई. भी. संक्रमित र प्रभावित परिवारको सहयोगसङ्ग सम्वन्धित कार्यक्रमहरू प्रभावकारी रूपमा संचालन गर्ने ।

(२) उपमहानगरपालिका क्षेत्र भित्रका एच. आई. भी. संक्रमित वालवालिकाहरुलाई पोषण र शैक्षिक सहयोग गर्ने ।

(३) एच. आई. भि. संक्रमित युवाहरुको उच्च शिक्षाको लागि र सङ्क्रमित व्यक्तिहरुको उपचारमा सहयोग पुऱ्याउने ।

(४) संक्रमित र प्रभावित परिवारको क्षमता अभिवृद्दी गरी स्वावलम्वि बनाउने।

(५) उपमहानगर क्षेत्र भित्र एच.आई.भि. सङ्क्रमितहरुको पुनर्स्थापनाको लागि कार्यरत सरोकारवाला निकायहरू विच समन्वय र सहकार्य सुदृढ गर्ने।

४. **मापदण्डले समेटेका तथा व्यवस्था गर्ने सहयोगः** उपमहानगरपालिकाले एच. आई. भि. संक्रमितहरुलाई देहाय वमोजिमको सहयोग उपलब्ध गराउनेछः

(१) उपमहानगरपालिकाले संक्रमित र प्रभावित परिवारको मानव अधिकार र स्वास्थ्य अधिकारलाई उच्च प्राथिमिकता सहित योजना, बजेट विनियोजन र कार्यक्रमको प्रभावकारी कार्यन्वयन गर्ने, गराउने।

(२) उपमहानगरपालिका भित्र रहेका संक्रमित र प्रभावित परिवारहरुको लागि शिपमूलक र आयमूलक तालिम संचालन गर्नु को साथै विऊ पूजिं उपलब्ध गराउने ।

(३) वालवालिकालाई पोषण तथा शैक्षिक सहयोग गर्ने।

(४) एम्बुलेन्स भाडा तथा उपचार सहयोग गर्ने।

(५) संक्रमितहरूको जीवनयापन सवल र सरल बनाउन शिपमूलक र आयमूलक तालिम संचालन गर्ने र विउ पुँजी (Seed Money) उपलब्ध गराउने छ । यस कार्यको लागी उपमहानगरपालिकाले वा समन्वय समिती मार्फत अन्य सम्भावित सरोकारवाला निकायहरूसंग समन्वय र सहकार्यबाट पनि सम्पन्न गर्न सकिने छ ।

(६) संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षाको लागि उपमहानगरपालिकाले वा समन्वय समिती मार्फत अन्य सम्भावित सरकारी तथा गैर सरकारी निकायहरूसंग समन्वय र सहकार्यबाट व्यवस्था गर्ने छ ।

**५. पोषण तथा शैक्षिक सहयोग प्राप्त गर्ने विधिः-**

(१) यस मापदण्ड वमोजिमको सहयोग हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्र वसोवास गर्ने एच. आई. भि. संक्रमितहरुलाई मात्र प्रदान गरीनेछ ।

(क) १८ वर्ष मुनिका एच. आई. भी. संक्रमित वालवालिकालाई पोषण सहयोग बापत मासिक रु एक हजार मात्र उपलब्ध गराइनेछ।

(ख) १८ वर्ष माथिका एच. आई. भि. संक्रमित विद्यार्थीहरुलाई शैक्षिक सहयोग वापत एक शैक्षिक सत्रमा रु बाह्र हजारमा नबढ्ने गरी समितिको सिफारिसमा उपमहानगरपालिकाले रकम उपलब्ध गराउन सक्नेछ।

(२) लाभग्राहीले उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम सुविधा लिनका लागि नागरिकता, बालबालिकाको हकमा जन्मदर्ताको प्रमाणपत्र र अभिभावकको नागरिकता, विद्यार्थीको हकमा सम्बन्धित शिक्षण संस्थाबाट अध्ययनरत रहेको प्रमाणित पत्र र सम्बन्धित वडा कार्यालयको आर्थिक विपन्न भएको सिफारिस उपमहानगरपालिकामा पेश गर्नुपर्नेछ ।

**६. एम्बुलेन्स भाडा तथा उपचार सहयोग प्राप्त गर्ने विधिः**

**(१)** एच. आई. भी. संक्रमितलाई उपचारको क्रममा स्थानीय स्तरमा उपचार हुन नसकी अन्यत्र वाहिर लैजान अस्पतालले रिफर गर्दा एम्बुलेन्स आवश्यक परेमा बिल बमोजिमको एम्बुलेन्स भाडा उपलब्ध गराइनेछ।

**(२)** सरकारी अस्पतालको चिकित्सकको प्रेस्क्रिप्सन अनुसारको औषधी खरिद तथा परिक्षण (बिमा भित्र नसमेटिएका र ए.आर.टी. केन्द्रबाट पाइने सेवा बाहेकको) गराउदाँ लागेको रु पाँच हजार सम्मको बिलको सोधभर्ना भुक्तानी कार्यालयले गर्नेछ।

(३) उपदफा (१) र (२) अनुसारको रकम सोधभर्ना लिन प्रेस्किप्सन र बील सहितको निवेदन कार्यालयमा पेश गर्नु पर्नेछ । कार्यालयले उपमहानगरपालिका स्तरको एच आई भि एड्स समन्वय समितिमा आवश्यक छलफल र छानविन गरी सिफारीस गरेको आधारमा कार्यालयले भुक्तानी गर्नेछ ।

**७. विऊ पूँजी प्राप्त गर्ने विधिः**

(१) संक्रमित व्यक्तिले आय आर्जनका लागि सञ्चालन गर्न खोजेको साना व्यवसाय, पसल, उद्यमको विस्तृत विवरण सहित समिति समक्ष निवेदन पेश गर्नुपर्नेछ।

(२) निवेदन प्राप्त भए पछि समितिले संक्रमित व्यक्तिको शीप र तालिमलाई समेत आधार मानी बढीमा रु पच्चीस हजार सम्म विऊ पूँजी उपलब्ध गराउनेछ।

(३) समितिले उद्यमको विस्तृत विवरण अध्ययन गरी औचित्य पुष्टी हुन आएमा रु. पच्चीस हजार भन्दा बढी विऊ पूँजी उपलब्ध गराउनु पर्ने देखिएमा कार्यपालिकामा सिफारिस गर्नेछ।

(४) उपदफा (३) अनुसारको सिफारिसमा कार्यपालिकाले निर्णयगरे बमोजिम बिऊ पूँजी उपलब्ध गराइनेछ।

८. **समन्वय समितिः**

**(१)** यस मापदण्डको कार्यान्वयनमा सहजीकरण एंव समन्वय गर्न देहाय वमोजिमको उपमहानगरपालिका स्तरीय एच. आई. भी./एड्स समन्वय समिति गठन गरिनेछ।

**(क)** सामाजिक विकास महाशाखा प्रमुख -------------------------- संयोजक

**(ख)** महिला तथा बालबालिका विकास महाशाखा प्रमुख ------------ सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख -------------------------------- सदस्य

(घ) नगर प्रमुखबाट मनोनित यौनिक तथा लैङ्गिग अल्पसंख्यक, एच. आई. भी./एड्स र लागु पदार्थ दूर्व्यसन विरुद्धको क्षेत्रमा कार्यरत संघ संस्थाका ३ जना प्रतिनिधि (१ जना महिला सहित) ---- सदस्य

(घ) आयुर्वेद तथा जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख ---------------------------------- सदस्य सचिव

**(२)** समितिको बैठंकमा आवश्यकता अनुसार विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

९. **भुक्तानी विधीः**

**(१)** दफा ५ को उपदफा (२) बमोजिमको कागजात सहितको विवरण उपमहानगरपालिका स्तरको (एच. आई. भी. एड्स) समन्वय समितिमा प्राप्त भएपछि समितिले आवश्यक छानबिन गरि लाभग्राहीको रुपमा सिफारीस गर्नेछ ।

**(२)** समन्वय समितिको सिफारिसको आधारमा कार्यालयबाट निर्णय गराई लाभग्राहीको हैसियतमा सहयोग रकम उपलब्ध गराइनेछ ।

**(३)** उपचार खर्च र एम्बुलेन्स भाडा रकमको हकमा समन्वय समितिको सिफारिस वमोजिम कार्यालयबाट भुक्तानी गरिनेछ ।

(४) पोषण तथा शैक्षिक सहयोग वापतको रकम लाभग्राहीहरुलाई बैंक मार्फत भुक्तानी गरिनेछ।

(५) यस मापदण्डमा उल्लेख भए बमोजिमका सेवा सुविधा प्राप्त गर्न तोकिएका कागजातको अलावा अस्पतालले एच.आई.भि. संक्रमित प्रमाणित गरेको पत्र पेश गर्नु पर्नेछ।

१०. **मापदण्डको व्याख्याः-** यो मापदण्डको अन्तिम व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ।

११. **समन्वय र सहकार्य सुदृढ गर्नेः** समितीले उपमहानगरपालिकामा रहेका सरोकारवालाहरूसंग नियमित समन्वय र सहकार्य मार्फत मापदण्डले समेटेका कार्यक्रमहरू संचालन गर्न गराउन पहल गर्ने छ ।

१२. **खारेजी र बचाउः-** हेटौंडा उपमहानगरपालिका एच. आई. भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड, २०७७ खारेजी गरीएको छ।र सो मापदण्ड बमोजिम भए गरेका कार्यहरु यसै मापदण्ड बमोजिम भए गरेको मानीनेछ।

१३. **थपघट तथा हेरफेरः** उपमहानगरपालिकाको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी यस मापदण्डमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत
शिवराज चौलागाई
हेटौंडा उपमहानगरपालिका

प्रमाणीकरण मितिः-२०७८/०६/०६

हेटौंडा राजपत्र